पहिलो बैठक

आज मिति २०८१ साल असार ०७ गते अपरान्ह २:०० बजे शुक्रबारका दिन यस धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमालज्यूको अध्यक्षतामा धनगढी उप-महानगरपालिका नगरसभाको एघारौं अधिवेशनको प्रथम बैठक देहायका नगरसभा सदस्यज्यूहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल हमाल | नगरसभा अध्यक्ष | |
| २ | श्री कन्दकला कुमारी राना | नगरसभा उपाध्यक्ष | |
| ३ | श्री सन्तोष मुडभरी | नगरसभा सदस्य | |
| ४ | श्री सत्यदेवी जोशी | नगरसभा सदस्य | |
| ५ | श्री सरस्वती लुहार कोली | नगरसभा सदस्य | |
| ६ | श्री डम्मरनाथ जोशी | नगरसभा सदस्य | |
| ७ | श्री धर्मराज उपाध्याय | नगरसभा सदस्य | |
| ८ | श्री महादेव सुनार | नगरसभा सदस्य | |
| ९ | श्री धर्मराज ओझा | नगरसभा सदस्य | |
| १० | श्री विन्द्रा कुमारी बम (सिंह) | नगरसभा सदस्य | |
| ११ | श्री मिना रैका (आउजी) | नगरसभा सदस्य | |
| १२ | श्री केशव राज पन्त | नगरसभा सदस्य | |
| १३ | श्री तेज राज पनेरु | नगरसभा सदस्य | |
| १४ | श्री अनिल कुमार | नगरसभा सदस्य | |
| १५ | श्री राज वहादुर ऐर | नगरसभा सदस्य | |
| १६ | श्री मिना मल्ल सिंह | नगरसभा सदस्य | |
| १७ | श्री अन्जु मगराती | नगरसभा सदस्य | |
| १८ | श्री यदु आचार्य | नगरसभा सदस्य | |

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १९ | श्री बुद्धी वहादुर खड्का | नगरसभा सदस्य | |
| २० | श्री माया कुमारी भण्डारी (साउँद) | नगरसभा सदस्य | |
| २१ | श्री गंगा देवी वि.क. | नगरसभा सदस्य | |
| २२ | श्री भागी राम चौधरी | नगरसभा सदस्य | |
| २३ | श्री श्याम राज बोहरा | नगरसभा सदस्य | |
| २४ | श्री गजेन्द्र शाही | नगरसभा सदस्य | |
| २५ | श्री यशोदा भण्डारी | नगरसभा सदस्य | |
| २६ | श्री माया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| २७ | श्री दत्तु राम पाण्डे | नगरसभा सदस्य | |
| २८ | श्री विपिन कटवाल | नगरसभा सदस्य | |
| २९ | श्री भागी राम चौधरी | नगरसभा सदस्य | |
| ३० | श्री रीता मगराती (सार्की) | नगरसभा सदस्य | |
| ३१ | श्री महेन्द्र वहादुर थापामगर | नगरसभा सदस्य | |
| ३२ | श्री राम वहादुर राना | नगरसभा सदस्य | |
| ३३ | श्री मोती राना | नगरसभा सदस्य | |
| ३४ | श्री सरस्वती देवी चन्द | नगरसभा सदस्य | |
| ३५ | श्री इन्द्रा देवी लोहार | नगरसभा सदस्य | |
| ३६ | श्री बासु रानाथारु | नगरसभा सदस्य | |
| ३७ | श्री बिके राम खाती | नगरसभा सदस्य | |
| ३८ | श्री जुग राम चौधरी | नगरसभा सदस्य | |
| ३९ | श्री पार्वती देवी गिरी | नगरसभा सदस्य | |
| ४० | श्री अमृता कामी | नगरसभा सदस्य | |

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४१ | श्री बिष्णु राज जोशी | नगरसभा सदस्य | |
| ४२ | श्री सुरेन्द्र राना | नगरसभा सदस्य | |
| ४३ | श्री प्रेम वहादुर भण्डारी | नगरसभा सदस्य | |
| ४४ | श्री धौली कडायत | नगरसभा सदस्य | |
| ४५ | श्री शारदा कुमारी ताम्राकार | नगरसभा सदस्य | |
| ४६ | श्री नवराज भट्ट | नगरसभा सदस्य | |
| ४७ | श्री लाहानु चौंधरी | नगरसभा सदस्य | |
| ४८ | श्री शिव कुमार राना | नगरसभा सदस्य | |
| ४९ | श्री बसन्ती राना | नगरसभा सदस्य | |
| ५० | श्री रतना देवी दमाई | नगरसभा सदस्य | |
| ५१ | श्री कल्लु राना | नगरसभा सदस्य | |
| ५२ | श्री राम मिलन राना | नगरसभा सदस्य | |
| ५३ | श्री रुप वहादुर कुँवर | नगरसभा सदस्य | |
| ५४ | श्री बर्षा शाह (राना) | नगरसभा सदस्य | |
| ५५ | श्री चित्रा चौधरी | नगरसभा सदस्य | |
| ५६ | श्री तुल्सी राम राना | नगरसभा सदस्य | |
| ५७ | श्री लाल व. महत | नगरसभा सदस्य | |
| ५८ | श्री सेर वहादुर महरा | नगरसभा सदस्य | |
| ५९ | श्री इन्द्र माया तामाङ | नगरसभा सदस्य | |
| ६० | श्री कमला वि.क. | नगरसभा सदस्य | |
| ६१ | श्री महेन्द्र खड्का | नगरसभा सदस्य | |
| ६२ | श्री काले रावल | नगरसभा सदस्य | |

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६३ | श्री विजय राज जोशी | नगरसभा सदस्य | |
| ६४ | श्री सिता देवी राना | नगरसभा सदस्य | |
| ६५ | श्री निशा कुमारी आउजी | नगरसभा सदस्य | |
| ६६ | श्री लाल वहादुर चौधरी | नगरसभा सदस्य | |
| ६७ | श्री हिरालाल राना थारु | नगरसभा सदस्य | |
| ६८ | श्री मान वहादुर बिष्ट | नगरसभा सदस्य | |
| ६९ | श्री बिन्दु तामाङ | नगरसभा सदस्य | |
| ७० | श्री कृष्णा देवी दमाई | नगरसभा सदस्य | |
| ७१ | श्री रमेश चौधरी | नगरसभा सदस्य | |
| ७२ | श्री चक्र बहादुर नेपाली | नगरसभा सदस्य | |
| ७३ | श्री सुख देव राना | नगरसभा सदस्य | |
| ७४ | श्री सुस्मा चौधरी | नगरसभा सदस्य | |
| ७५ | श्री मंगली सार्की | नगरसभा सदस्य | |
| ७६ | श्री दल वहादुर रोकाया | नगरसभा सदस्य | |
| ७७ | श्री मन्त्री राना | नगरसभा सदस्य | |
| ७८ | श्री रामलाल चौधरी | नगरसभा सदस्य | |
| ७९ | श्री शान्ती कुमारी चौधरी | नगरसभा सदस्य | |
| ८० | श्री निर्मला वि.क. | नगरसभा सदस्य | |
| ८१ | श्री सन्त कुमार चौधरी | नगरसभा सदस्य | |
| ८२ | श्री हरिनारायण राना थारु | नगरसभा सदस्य | |
| ८३ | श्री माधव राज राना | नगरसभा सदस्य | |
| ८४ | श्री सेहाली देवी चौधरी | नगरसभा सदस्य | |

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ८५ | श्री टिकेश्वरी देवी कामी | नगरसभा सदस्य | |
| ८६ | श्री राम वहादुर चौधरी | नगरसभा सदस्य | |
| ८७ | श्री शिव वहादुर देउवा | नगरसभा सदस्य | |
| ८८ | श्री भुवन रिजाल | नगरसभा सदस्य | |
| ८९ | श्री रेखा शर्मा | नगरसभा सदस्य | |
| ९० | श्री आशा वि.क. | नगरसभा सदस्य | |
| ९१ | श्री कृष्ण राम चौधरी | नगरसभा सदस्य | |
| ९२ | श्री देव वहादुर वि.क. | नगरसभा सदस्य | |
| ९३ | श्री बाँधु राम चौधरी | नगरसभा सदस्य | |
| ९४ | श्री रत्ना देवी चौधरी | नगरसभा सदस्य | |
| ९५ | श्री गोमा वि.क. | नगरसभा सदस्य | |
| ९६ | श्री लाल वहादुर थापा | नगरसभा सदस्य | |
| ९७ | श्री हरेन्द्र वहादुर ऐडी | नगरसभा सदस्य | |
| ९८ | श्री नरेन्द्र बहादुर खाती | नगरसभा सचिव | |

निर्णय नं.१:-

धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमालज्यूले पेश गर्नुभएको धनगढी उप-महानगरपालिकाको आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम को प्रस्ताव सर्वसम्मतले पारित भयो। पारित नीति र कार्यक्रम यस प्रकार रहेको छ। :-

**नगर प्रमुख श्री गोपाल हमालद्वारा धनगढी उपमहानगरपालिकाको**

**नगर सभाको एघारौं अधिवेशनमा प्रस्तुत**

**आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम**

**नगर सभाका उपाध्यक्ष महोदय,**

**नगर सभाका सदस्यहरु**

१. सर्वप्रथम, नगर सभाको एघारौं अधिवेशन समक्ष आगामी आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। यस महत्त्वपूर्ण घडीमा मुलुकमा नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकको सार्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्र निर्माणको लागि संघर्ष गर्नु हुने जनआन्दोलनका घाइते तथा वेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्वहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

२. नगर सभाको यस अधिवेशनसम्म आईपुग्दा हामीले दुई वर्षको कार्यकाल पुरा गरेका छौँ। यस अवधिमा उपमहानगरबासीले सुम्पिएको जिम्मेवारीलाई पूरा गर्न स्व-उत्प्रेरित भई काम गरिरहेका छौँ, अझैं पनि उपमहानगरबासीका चाहना, माग र आवश्यकताहरुको उच्च सम्मान गरी धनगढीलाई राष्ट्रकै एक सुन्दर, स्वच्छ, समृद्ध एवम् लोककल्याणकारी उपमहानगर बनाउने उच्च आदर्शले प्रेरित भई निरन्तर लागिरहनेछौँ।

३. धनगढी उपमहानगरलाई समृद्ध बनाउन **"सुख, शान्ति र समृद्धिको शहर, कल्याणकारी धनगढी उपमहानगर"** भन्ने दीर्घकालिन सोचका साथ आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र पर्यावरणीय विकासको लागि **"हाम्रो धनगढी, हामी बनाउँछौं"** भन्ने अभियानलाई मन, बचन र कर्मले निरन्तरता दिदै अघि बढ्न प्रतिबद्ध र कटिबद्ध रहेका छौँ।

**नगर सभा सदस्यहरु,**

४. अब म यहाँहरु समक्ष हाम्रो दुई वर्षे कार्यकालमा भए गरेका केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

५. अतिक्रमित सरकारी सार्वजनिक जग्गामा रहेका प्राकृतिक ताललाई पुनर्भरणको लागि प्रयोग हुने गरी पुरानै अवस्थामा फर्काउने कार्यलाई निरन्तरता दिईएको छ। हालसम्म करीब ६७ हजार ३ सय ८ वर्गमीटर तालक्षेत्रको अतिक्रमण हटाई पुरानै अवस्थामा फर्काईएको छ।

६. विद्यालय शिक्षाको विकासका लागि स्थानीय पाठ्यक्रम **"हाम्रो धनगढी"** कार्यान्वयनमा ल्याईएको छ। विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलानको कार्य सम्पन्न गरी दरबन्दी नपुग देखिएका ११ वटा विद्यालयमा २० जना

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

शिक्षकको व्यवस्थापन गर्नुका साथै सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेसागत विकासका लागि विज्ञ स्रोत शिक्षक परिचालन गर्ने व्यवस्था मिलाईएको छ।

७. नगर प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ५ वटा नमुना सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड र प्ले स्टेशन जडान गर्नुका साथै काठमाण्डौं विश्व विद्यालय लगायतका संघसंस्थाहरुसँगको सहकार्य गरी साझेदारीमा सघन शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ। यी मध्ये श्री सिद्धनाथ माध्यमिक विद्यालय, धनगढी-१२, जुगेडा र श्री चन्द्रोदय माध्यमिक विद्यालय, धनगढी-१८, फूलबारीमा ग्रासरुट लेभल क्रिकेट विकास कार्यक्रम सञ्चालन गरिएको छ र पाँचवटै विद्यालयका छात्राहरुलाई नि:शुल्क पोशाक वितरणका लागि आवश्यक पहल गरिएको छ।

८. कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीहरुका लागि क्यारियर काउन्सिलिङ, सामुदायिक विद्यालयमा हरेक शुक्रबार शिक्षासँगै रोजगारी कार्यक्रम सञ्चालन गर्नुका साथै शहरी क्षेत्रका सामुदायिक विद्यालयहरुमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई अझ व्यवस्थित गर्न एकिकृत भान्साघर सञ्चालन गर्ने कार्यलाई अगाडी बढाइएको छ।

९. उपमहानगरपालिका र सामुदायिक विद्यालयबीच, सामुदायिक विद्यालय र शिक्षकबीच कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालय घोषणा गरी सम्मान तथा पुरस्कृत गर्ने कार्यको थालनी गरिएको छ।

१०. आधारभूत तह कक्षा ८ को परीक्षामा न्यून नतिजा देखिएका १७ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई नगर प्रमुखको सुविधा वापतको रकमबाट करीब १० लाख बराबरको शैक्षिक सामग्री वितरण गरिएको छ। ती विद्यार्थीहरुलाई लक्षित गरी नेपाली, अँग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा उल्लेख्य सुधार भएको छ।

११. जनप्रतिनिधि, कर्मचारी, प्रधानाध्यापक तथा शिक्षकहरुद्वारा छिमेकी मित्र राष्ट्र भारतको नयाँ दिल्लीका सामुदायिक विद्यालयको अवलोकन भ्रमण गरी त्यहाँका असल अभ्यासहरुको अनुसरण गर्न विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिएको छ।

१२. नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट भएका खेलाडी विद्यार्थीहरुको सहभागिताबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गत वर्षझैं यस वर्ष पनि प्रथम स्थान हासिल भएको छ। शिक्षामा अतुलनीय योगदान पुऱ्याएवापत प्रिन्सिपल एसोसिएसन अफ नेपालबाट धनगढी उपमहानरपालिकाले सुदूरपश्चिम प्रदेशकै उत्कृट स्थानीय तहको रुपमा सम्मान प्राप्त गरेको छ।

१३. **"विशेषज्ञ वडा स्वास्थ्य क्लिनिक"** बाट हालसम्म ७८ हजार १ सय ८७ सेवाग्राहीले सेवा प्राप्त गरेका छन् भने यस अन्तर्गत सञ्चालित ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमबाट हालसम्म ४ हजार ६ सय ९९ जना गर्भवती महिलाहरुको अल्ट्रासाउण्ड गरिएकोमा ४८ जनामा जटिलता पहिचान पश्चात रेफर गरिएको छ। **"आमा बचाउ कार्यक्रम"** का लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएकोमा यसबाट हालसम्म ५ सय ८० जनाले सेवा प्राप्त गरेका छन्। ३ हजार ३ सय ७९ जना सुत्केरी आमालाई सुत्केरी भएको २४ घण्टा, ३ दिन र ७ दिनमा घरमै स्वास्थ्य कर्मी गएर जाँच गरिएको छ।

१४. उपमहानगरपालकिा र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरा, बाँके तथा विपि कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपूरको समन्वयमा हालसम्म ५ पटक क्यान्सर हेल्थ क्याम्प सञ्चालन गरिएकोमा उक्त क्याम्पहरुबाट १ हजार ३ सय ८२ जनाले सेवा प्राप्त गरेकोमा ८४ जना शंकास्पद विरामीलाई रेफर गरिएका छन् भने फुलबारी स्वास्थ्य चौकीमा सु-स्वास्थ्य हस्पिटल काठमाण्डौसँगको समन्वयमा अकुपञ्चर, फिजियोथेरापी र

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

प्राकृतिक चिकित्सा सम्बन्धी ३ दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरी उक्त शिविरबाट ८ सय १ जनालाई सेवा प्रदान गरिएको छ।

१५. आसरा सुधार केन्द्रको सहकार्यमा लागू औषध दुर्व्यसनको कुलत भएका युवाहरुलाई सुधार गरी सामान्य अवस्थामा फर्काउनका लागि वडा नम्बर १४ मा पुन:स्थापना केन्द्र सञ्चालन गरिएको छ।

१६. चालु आर्थिक वर्षमा अपाङ्गता भएका व्यक्तिहरुका ७३ थान ह्वील चेयर, ३५ थान ट्राईसाइकल, २४ जोडा बैशाखी, २८ थान एल्बो क्रचेज, ३८ थान हेरिङ एड, ४४ थान वाकिङ स्टीक, ३ थान कमोर्ट, २ थान कृत्रिम खुट्टा खरीद गरी नि:शुल्क वितरणको व्यवस्था मिलाईएको छ।

१७. फोहरमैला व्यवस्थापनमा गरेका प्रयास एवम् स्वच्छता सम्बन्धी पहलको कदर स्वरुप उपमहानगरले ग्लोबल एलाइन्स फर इन्सिनेरेशन अल्टरनेटिभ्स - जिएआइए (Global Alliance For Incineration Alternatives - GAIA) बाट जिरो वेष्ट सिटिज नेटवर्क (Zero Waste Cities Network) को फाउण्डिङ मेम्बर (Founding Member) को सदस्यता प्राप्त गरेको छ। रेखीय अर्थव्यवस्था (Linear Economy) को रुपमा रहेको फोहर मैला व्यवस्थापनलाई चक्रिय अर्थव्यवस्था (Circular Economy) मा परिणत गरी रोजगारी सृजना (Green Job) र आन्तरिक राजश्वमा वृद्धि गर्ने कार्य भएको छ। उपमहानगरको बजार क्षेत्रका विभिन्न ७ स्थानहरुमा स्मार्ट शौचालय निर्माण कार्य सुरु गरिएको छ।

१८. हरियाली प्रवर्धन कार्यक्रम अन्तर्गत व्यक्ति तथा संघसंस्थाहरुको सहयोग समेतबाट हालसम्म पाँचौ चरणसम्मका कार्यक्रम सञ्चालन गरी सडक मिडियन तथा किनारामा ८ हजार ९ सय १२ बिरुवा रोपेर हुर्काई हरियाली प्रवर्धन गर्ने कार्य गरिएको छ। प्रकृति संरक्षणमा उच्च योगदान गरे वापत डब्लु डब्लु एफ नेपाल (WWF Nepal) को एकतीसौं वार्षिकोत्सव (31st Anniversary) को अवसरमा रु. एक लाख नगद पुरस्कार सहित डब्लु डब्लु एफ नेपाल कन्जरभेसन अवार्ड २०२४ (WWF Nepal Conservation Awards 2024) प्राप्त भएको छ।

१९. गत वर्ष झैं चालु आर्थिक वर्षमा पनि उपमहानगरका सबै वडाको प्रतिनिधित्व हुने गरी एक सय बयानब्बे ज्येष्ठ नागरिक तथा भगतजीहरुलाई धार्मिक भ्रमण अन्तर्गत मुक्तिनाथ दर्शन गराइएको छ।

२०. उपमहानगरका सबै वडा कार्यालय, सबै वडा स्वास्थ र शहरी स्वास्थ्य केन्द्र विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा समेत विद्युतीय हाजिरी जडान गर्ने कार्यको लागि टेण्डर भई सम्झौता गर्ने कार्य सम्पन्न गरिएको छ।

२१. पुष्प खेती गर्ने कृषकहरुलाई आर्थिक तथा प्राविधिक सहयोग गरी फुलमा उपमहानगरलाई आत्मनिर्भर बनाउन पहल भएको छ।.सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिदै चालु आर्थिक वर्षमा ३ सय २ वटा सामुदायिक कुकुरहरुको बन्ध्याकरण गरिएको छ।

२२. प्लाष्टिक प्रयोगको विकल्प खोज्ने कार्यका लागि दुना टपरी बनाउने र फाइबर ब्याग उत्पादन गर्ने सीपमूलक तालिम प्राप्त गरेका १ सय ४५ जना महिला तथा धनगढी उपमहानगरपालिका र नेपाल युथ फाउण्डेसनको सहकार्यमा फुलबारी स्थित भोकेसनल स्कूलबाट तालिम प्राप्त गरेका २४ महिला र ८८ पुरुष गरी १ सय १२ जनामध्ये २२ महिला र ६३ पुरुष गरी ८५ जना स्वरोजगारमा आवद्ध भएका छन्। प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत ९३ महिला र ९ पुरुष गरी जम्मा १ सय २ जनाले एक सय दिन बराबरको रोजगारीको अवसर प्राप्त गरेका छन्।

२३. उपमहानगरको सवारी साधनको बढ्दो चापलाई मध्यनजर गरी वडा नम्बर ३ को कालिकानगरमा नयाँ बसपार्क निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी वातावरणीय अध्ययन स्वीकृतिका लागि सुदूरपश्चिम प्रदेश सरकारमा पेश गरिएको छ। उपमहानगरको परिसरसँगै जोडिएको वडा नम्बर १ को दशरथ भिम

प्रमाणित गर्ने
गोपाल हमाल

उद्यानलाई स्तरोन्नति गरी व्यवस्थित गर्ने कार्यका लागि डिपिआर तयार गरी अगाडी बढाइएको छ । छ लेन सडकको दुवैतर्फ १४ दशमलब १ किलोमिटर साईकल लेन निर्माण गरिएको छ । धनगढी उपमहानगरपालिका प्रवेश गर्ने मुख्यस्थापन गोदावरी र धनगढीको सिमानामा स्वागत गेट निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

२४. सात वटा सामुदायिक विद्यालय भवन अन्तर्गत ४८ वटा भूकम्प प्रतिरोधी कक्षाकोठा निर्माण कार्य गरिएका छन् । प्रसुती सेवाको सुविधा सहितका दुईवटा स्वास्थ्य केन्द्र भवन निर्माण गरिएका छन् । वडा नम्बर ४ र ५ जोड्ने नाष्ट कलेज नजिकको कैलाली खोला, वडा नम्बर १३ जनता राष्ट्रिय मावि नजिक कैलालीगाउँको कैलाली खोला र वडा नम्बर ११ को जोखैया नालामा मोटरेबल पक्की पुल निर्माणको सम्पन्न गरिएको छ । घर जग्गा कारोबार गर्ने व्यवसायीद्वारा उपमहानगरको नीति अनुरुप चालु आर्थिक वर्षमा १० किलोमिटर ग्राभेल सडक, १७ किलोमिटर विद्युत लाइन विस्तार र विभिन्न बाटोहरुमा ३४५ मिटर लम्बाई बराबरका १ सय ३८ थान ह्युम पाइप राख्ने कार्य सम्पन्न भएको छ ।

२५. चालु आर्थिक वर्षमा उपमहानगरबाट प्रदान गरिने सेवाहरुको लागि ८ वटा टिप्पर, ५ वटा ब्याक हो लोडर, ३ वटा ट्र्याक्टर, २ वटा पानी ट्याङ्की, एउटा एम्बुलेन्स र एउटा सडक सफा गर्ने ब्रुमर खरीद गरी सञ्चालनमा ल्याएका छन् ।

२६. उज्यालो धनगढी कार्यक्रम अन्तर्गत हालसम्म विभिन्न सडकका २ सय ८८ पोलमा ५ सय ८८ वटा स्ट्रीट लाईट, २ सय ८८ पोल तथा १ सय ४० ट्रीगार्डहरुमा स्मार्ट स्ट्रीप लाईट र १५ वटा हाई मास्ट लाइट जडान गर्ने कार्य सम्पन्न गरिएको छ भने प्रवेशद्धार र स्वागत गेटमा ६८ वटा फ्लड लाईट जडान गरिएका छन् ।

२७. उपमहानगरबाट सञ्चालन हुने विकास कार्यहरुलाई व्यवस्थित गर्न, विपद् व्यवस्थापन एवम् अन्य लोक कल्याणकारी कार्यहरुमा परिचालन गर्न १६ जना नगर प्रहरीलाई खोज तथा उद्दार तालिम, ११ जना नगर प्रहरीलाई कुरिनटार चितवनबाट समुदायमा आधारित विपद् प्रतिकार्य तालिम दिईएको छ । नगर प्रहरी परिचालनबाट २३ जना सडक आश्रित व्यक्तिहरुको उद्दार, ७ सय विभिन्न जातका सर्पको उद्दार गरी सुरक्षित स्थान पुनर्स्थापना, ११ बहुलाह कुकुरको व्यवस्थापन, ५९ मृतकको शव चिस्यान व्यवस्थापन गरिएको छ । साथै, ३ सय ७ जना मृतकका परिवारहरुलाई प्रति परिवार ५ हजार रुपैयाँका दरले कुल १५ लाख ३५ हजार वितरण गरिएको छ भने ३ सय ३१ मृतकलाई उपमहानगरको झण्डा ओडाई नगर प्रहरीद्वारा सलामी अर्पण गर्ने कार्य गरिएको छ ।

२८. आगलागीबाट उत्पन्न विपद्को तत्काल नियन्त्रण तथा उद्दार कार्यका लागि दुईवटा फायर बाइक र एउटा पम्प सहितको पोर्टेबल बुस्टर खरीद गरी सञ्चालनमा ल्याईएको छ । मिति २०८० साल कार्तिक १७ गतेका दिन जाजरकोटमा गएको भूकम्पमा परी क्षती भएका घरपरिवारको राहतका लागि एक सय क्वीन्टल चामल उपलब्ध गराईएको छ । जलवायूजन्य विपद्बाट उपमहानगरबासीलाई जोगाउन नगर प्रहरीलाई वाटर रेस्क्यू तालिम दिईएको छ । कूल धर्म अनुसार दाहासंस्कारको काम गर्ने आफन्त घरबाट टाढा रही दाहासंस्कार गर्न मृतकको पार्थिब शरीर केहीदिन जोगाएर राख्नका लागि दुईवटा शब चिस्यान मेसिन मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाईएकोमा हालसम्म ६३ मृतकको पार्थिब शरीरलाई चिस्यान सेवा उपलब्ध गराईएको छ ।

२९. उपमहानगरपालिकाको आन्तरिक आम्दानी बढाउन आयका नयाँ श्रोतहरुको पहिचान गरी करका क्षेत्र विस्तार गरिएकोछ । सुशासन कायम राख्ने उद्देश्यले नागरिकका गुनासो सुन्न र व्यवस्थापन गर्न ह्वाट्सप (WhatsApp) नम्बर र गुनासो व्यवस्थापन कक्षको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

**नगर सभा सदस्यहरु,**

प्रमाणित गर्ने
गोपाल हमाल

३०. अब म नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका देहायमा उल्लेखित आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरु,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
- धनगढी उप-महानगरपालिकाबाट जारी गरिएका नीति तथा कानूनहरु,
- नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारको सोहौं योजना र सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाले निर्धारण गरेका लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिस,
- विगतका वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगर कार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न विषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय-सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु,
- उपमहानगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण प्रतिवेदन,
- उपमहानगरपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) प्रतिवेदन,
- उपमहानगरपालिकाले स्वीकृत गरेका, विभिन्न नीति, ऐन, नियमावली र कार्यविधिहरु,
- नगरबासीका राय, सल्लाह तथा सुझावहरु।

नगर सभा सदस्यहरु,

३१. आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार रहेका छन्।

- अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा, ताल, पोखरी लगायतका सम्पत्तिको संरक्षण एवम् व्यवस्थापन,
- शिक्षा, स्वास्थ्य तथा खानेपानीको गुणस्तर सुधार एवम् सर्वशुलभ पहुँच,

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

- "हाम्रो धनगढी, सफा धनगढी" का लागि दिगो सरसफाई,
- पर्यावरणीय सुदृढीकरणका लागि हरियाली प्रवर्धन,
- सौन्दर्य तथा रात्रीकालीन बजार प्रवर्धन,
- लोक कल्याणकारी उपमहानर मार्फत सामाजिक विकास एवम् गरिवी न्यूनिकरण,
- कृषि तथा पशुपंक्षी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यावसायीकरण,
- उद्यम विकास, सहकारीता मार्फत यूवा तथा अति विपन्नका लागि स्वरोजगार,
- खेलकुद विकास लागि ग्रासरुट लेभल कार्यक्रम,
- भष्ट्राचार बिरुद्ध शून्य सहनशीलता,
- दिगो, भरपर्दो पूर्वाधार निर्माण एवम् संरक्षण,
- आर्थिक विकास तथा राजश्व परिचालन,
- सूचना प्रविधि तथा सञ्चार,
- मानव संसाधन विकास तथा संस्थागत सुशासन,
- संस्कृति तथा पर्यटन प्रवर्धन,
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दिगो उपयोग,
- प्राकृतिक विपद् व्यवस्थापन,
- अशक्त, लागू औषध दुर्व्यसनी, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवम् अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहयोग।

नगर सभाका सदस्यहरु,

३२. अब म उप-महानगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को समग्र नीति प्रस्तुत गर्न अनुमति चाहन्छु।

(१) एकीकृत, सन्तुलित, दिगो र योजनाबद्ध विकासका लागि **"हाम्रो धनगढी, हामी बनाउँछौं"** अभियानका साथै **"हाम्रो धनगढी, सफा धनगढी"** अभियानलाई समेत उच्च प्राथमिकता साथ निरन्तर सञ्चालन गरिनेछ। यसका लागि शहरीक्षेत्रमा भौतिक पूर्वाधार विकास, विद्युतीकरण, हरियाली र सौन्दर्यकरणका कार्य र ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, आर्थिक वृद्धि गर्न मद्दत पुग्ने क्रियाकलाप लगायतका सामाजिक क्षेत्रको सुधारमा जोड दिइनेछ।

(२) **"हाम्रो चाहना नगरबासीको सु-स्वास्थ्यको कामना"** भन्ने नारालाई अभियानको रुपमा सञ्चालन गरी नगरबासीलाई सर्भसुलभ रुपमा स्वास्थ्य तथा शिक्षामा पहुँच सुनिश्चितता गर्ने नीति लिइनेछ।

(३) आगामी आर्थिक वर्ष देखि सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न यस कार्यक्रम अन्तर्गत **"एक वडा एक नमूना विद्यालय"** विकास गरिनेछ।

(४) प्राथमिकताका आधारमा उपमहानगरको स्थानीय आवश्यकता पहिचान गरी स्थानीय विकास साझेदार निकायहरुसँगको समन्वय, सहकारीता र साझेदारीमा विकास आयोजना, योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

(५) वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै विपद् व्यवस्थापन एवम् जलवायु परिवर्तनका असरहरु न्यूनिकरण र सामाजिक न्याय तथा सुशासन स्थापित गरी समृद्धि हासिल गर्दै **"बसोबास योग्य हरित सहर – समृद्ध कल्याणकारी उपमहानगर"** बनाउनका लागि नगरभित्रका विकास कार्यक्रमहरु प्राथमिकतासाथ सञ्चालन गरिनेछन्।

(६) सडकको क्षेत्राधिकारभित्र पर्ने सेटव्याक एवम् खुला क्षेत्र, विद्यालय हाता र सार्वजनिक खुला क्षेत्रमा फल लाग्ने र फुल फुल्ने विरुवाहरु रोपी त्यस्ता क्षेत्रलाई चराचुरुङ्गीहरुको वासस्थान तथा आहारा स्थलका रुपमा विकसित गरिनेछ।

(७) उपमहानगरपालिकाबाट सम्पादित कार्यहरुलाई पारदर्शी, जवाफदेही, मितव्ययी बनाई भ्रष्ट्राचार विरुद्धको शून्य शहनशीलताको नीति अवलम्बन गरी सुशासन अभिवृद्धि तथा सबै प्रकारका सेवा सुविधाहरुको न्यायोचित वितरणको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ ।

(८) उपमहानगरीय प्रहरी बललाई साधन स्रोत सहित सुसज्जित गरी नगरबासीलाई आवश्यक सहयोग पुर्‍याउन तत्काल खट्न सक्ने गरी **"हर घडी, नगर प्रहरी"** भन्ने अभियानका साथ परिचालन गरिनेछ।

**नगर सभा सदस्यहरु,**

३३. अब म उल्लेखित नीतिहरु हासिल गर्न क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

**(क) आर्थिक विकास नीति**

३४. कृषि, पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको सुदृढिकरण गर्दै उत्पादनमा अभिबृद्धि गरी किसानहरुको आर्थिक अवस्थालाई मजबूद बनाउने, सहकारीको क्षमता अभिबृद्धि गर्ने, औद्योगिक एवम् पर्यटकीय वस्तु तथा सेवाको विकास तथा बजारीकरण गरी उपमहानगरबासीको आयआर्जनमा बृद्धि गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक विकास गर्ने नीति लिइनेछ।

**कृषि तथा खाद्य कार्यनीति:**

३५. स्थानीय उत्पादनलाई प्रवर्धन गर्न **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रम सञ्चालन गरिनेछ। पुष्प व्यवसायी कृषकहरुलाई सक्षम र आत्मनिर्भर बनाउन तालिम, उत्पादन तथा बजारीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराईनेछ।

३६. हिउँदे र वर्षे बालीको बीचको जग्गा खाली रहने समयमा जमीनको माटो सुधार एवम् कृषकको आयआर्जन अभिवृद्धि गर्न मुङ खेती कार्यक्रम सञ्चालन गरिनेछ। प्रयोगमा नरहेको नदीको बगर क्षेत्रलाई तरकारी खेती गरी उपयोगमा ल्याइनेछ। आलु, प्याज उत्पादन (पकेट) कार्यक्रम सञ्चालन गरी आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।

३७. तरकारी खेतीमा विषादीको बढ्दो प्रयोग कम गर्न विषादीको प्रयोगबाट हुने नकारात्मक असर, विषादीको सुरक्षित प्रयोगबारे जनचेतनामूलक कार्यक्रम तथा आई.पि.एम. कृषक पाठशाला सञ्चालन गरिनेछ। रोग र किराहरुको व्यवस्थापन तथा रोकथामका लागि स्थलगत रुपमा बाली उपचार शिविर सञ्चालन गरिनेछ।

३८. प्राङ्गारिक खेती प्रणालीलाई मिनि पकेट क्षेत्र स्थापना गरी परीक्षण कार्यक्रमका रुपमा सञ्चालन गरिनेछ। गड्यौला मल तथा जैविक मलको उत्पादन र प्रयोग गर्न प्रोत्साहन गरिनेछ। खेती गर्ने माटोको अवस्था थाहा पाउन र खेती गर्दा प्रयोग गरिने मलखादको मात्रा सिफारिस गर्न माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिँदै उपमहानगरपालिकामा स्थापना भएको माटो परीक्षण प्रयोगशालालाई सुदृढ गर्दै लगिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

३९. सिंचाई सुविधा नभएका कृषियोग्य जमिनमा सिंचाई सुविधा विस्तारका लागि स्यालो ट्यूवेल तथा सौर्य सिंचाई जडान गर्न र आधुनिक प्रविधिबाट चक्लाबन्दी खेती गर्न आधुनिक कृषि यन्त्र तथा औजार खरीदमा कृषकहरूलाई अनुदान दिने व्यवस्था गरिनेछ। सिंचाईका लागि आर्टिजन बोरिङ निर्माण गर्ने कार्य बन्द गर्ने नीतिलाई निरन्तरता दिइनेछ। भूमीगत जलभण्डारको पुनर्भरण र सिंचाइ सुविधा विस्तारका लागि पानी सञ्चय पोखरी निर्माण कार्य अगाडी बढाइनेछ।

४०. युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम एवम् एकल महिला, मुस्लिम महिला, अपाङ्गता भएका महिला, दलित महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भूमिहिन, जनजाति र मुक्त कमैया परिवारको जीवनस्तर उकास्न पुष्प, तरकारी एवम् च्याउ खेती कार्यक्रम सञ्चालन गरिनेछ।

४१. उन्नत प्रविधिको प्रयोगमार्फत उत्पादन वृद्धि गर्न व्यावसायिक तालिम, गोष्ठी तथा कृषि अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

४२. कृषकहरूले लगाएको बालीमा विपद्का कारण हुने क्षतिको जोखिम न्यूनीकरणका लागि कृषि बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ। कृषकहरूको तथ्याङ्क अद्यावधिक गरी सोही अनुसार योजना तर्जुमा गर्न किसान सूचीकरण कार्यलाई निरन्तरता दिइनेछ।

४३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्था तथा विकास साझेदारसँग उपमहानगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोगी हुने, जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको असर न्यूनीकरण गर्ने र स्थानीय आर्थिक विकासमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरूमा सहकार्य गरिनेछ ।

**पशुपंक्षी तथा मत्स्यपालन कार्यनीति :**

४४. सामुदायिक पशुहरुको उपचार तथा खोप कार्यलाई निरन्तरता दिइनेछ। सामुदायिक चौपायाको उचित व्यवस्थापन गरी उपमहानगरको सडक तथा खुला क्षेत्रलाई सामुदायिक चौपाया रहित बनाउन हाल सञ्चालनमा रहेका गौशालाको उचित व्यवस्थापनका साथै आवश्यकता अनुसार नयाँ गौशालाहरुको स्थापना एवम् सञ्चालन गरिनेछ। गौशालाबाट उत्पादित प्राङ्गारिक मलको प्रयोग गरी प्राङ्गारिक तरकारी तथा फलफूल उत्पादनका लागि विशेष परीक्षण (Special Piloting) कार्यक्रम सञ्चालन गरिनेछ।

४५. पशुपंक्षी पालनमा हुने क्षती न्यूनीकरण गर्न पशुपंक्षी बीमालाई प्रभाबकारी बनाउन चेतनामुलक कार्यक्रम सञ्चालन गरी अनुदानका कार्यक्रमहरुमा पशुपंक्षी बीमालाई अनिवार्य गरिनेछ।

४६. पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु नस्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ। दुध, माछा, मासु र अण्डामा आत्मनिर्भर हुन पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको बजार प्रवर्धन गरिनेछ। प्राणघातक रेबिज रोग न्यूनीकरणका लागि सामुदायिक कुकुरको जन्मदर घटाउने कार्यक्रम सञ्चालन गरिनेछ।

**सहकारी विकास तथा गरिवी न्युनिकरण कार्यनीति:**

४७. सहकारीद्वारा सञ्चालित कार्यक्रमलाई प्रोत्साहन गर्दै लगिनेछ। सिप हासिल गरी असङ्गठित रुपमा ज्यालादारी मजदुरी गर्ने श्रमिकहरुलाई सहकारीमा आबद्ध गरी आर्थिक उन्नतिमा जोड दिइनेछ। सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) मा आबद्ध नभएका सहकारी संस्थालाई उक्त प्रणालीमा आबद्ध गराउन पहल गरिनेछ। सहकारी संस्थाहरुको नियमन गर्न आवश्यक थप कानूनी व्यवस्था गरिनेछ।

**उद्योग कार्यनीति:**

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

४८. गरीबी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमबाट सिप हासिल गरी उद्यमी बनेका उद्यमीहरुका उत्पादन बजारीकरण कार्यलाई प्रवर्धन गरिनेछ । अति विपन्न, रोजगारी गुमेका र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई उद्यमशीलता तथा सिप विकास तालिम मार्फत उद्यमी बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

४९. स्थानीय कच्चा पदार्थ, श्रम तथा सिपमा आधारित उद्योग र निर्यातजन्य उद्योगलाई प्रवर्द्धन गर्नुका साथै, यस्ता उद्योगका लागि विभिन्न किसिमका कर छुटको व्यवस्था गरिनेछ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा अल्पसंख्यक र विपन्न महिलाहरुले सञ्चालन गरेका व्यवसायमा विशेष सहुलियतलाई निरन्तरता दिईनेछ । स्थानीय जाति जनजातिको भेषभूषा संरक्षणको लागि तालिम सञ्चालन गरिनेछ ।

५०. नगर उपप्रमुख उद्यम विकास कोष मार्फत सञ्चालित सिपमूलक कार्यक्रममा आवद्ध भई सफलता हासिल गरिरहेका महिला उद्यमीलाई सम्मान गरिनेछ ।

५१. उपमहानरका सबै वडामा आर्थिक गतिविधि बढाई स्थानीय उत्पादनको स्थानीयस्तरमै खपत गराउन **"एक वडा एक आर्थिक केन्द्र"** विकास गरिनेछ । दलित तथा आदिवासी जनजातिहरुको परम्परागत पेसालाई सुदृढ गरिनेछ ।

**पर्यटन तथा संस्कृति कार्यनीतिः**

५२. पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र नागरिकमा पुऱ्याउन ग्रामीण पर्यटकीय क्रियाकलापको विस्तार तथा अभिवृद्धि गरिनेछ । हाल विद्यमान रहेका पर्यटकीय स्थलहरुको स्तरोन्नती गरिनुका साथै, नयाँ पर्यटकीय गन्तव्य स्थलको पहिचान गरी सुरक्षित गन्तव्ययुक्त पर्यटन पूर्वाधार विकास गर्दै पर्यटकलाई उपलब्ध गराउने सेवाको सहज पहुँच र बसाईको अवधि लम्ब्याई स्थानीयस्तरमा रोजगारीका अवसरको वृद्धि गरी उपमहानगरबासीको जीवनस्तरमा सुधार ल्याइनेछ ।

५३. भादा होमस्टेलाई प्रवर्धन गरी व्यवस्थित पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । उपमहानगरको क्षेत्रमा अवस्थित मन्दिर, गुम्बा, देउथान, भुईयाँ, विहार, मस्जिद लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गरी साँस्कृतिक पर्यटनको विकास र प्रवर्धन गरिनेछ ।

५४. सरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा बेहडाबाबा मन्दिर परिसरलाई प्रमुख धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

**रोजगार कार्यनीति :**

५५. संघ तथा प्रदेश सरकार, गैरसरकारी निकाय तथा निजी क्षेत्रहरुसँगको समन्वय र सहकार्यमा रोजगारीका अवसरहरुको सिर्जना एवम् विस्तार गर्न रोजगार दाता, सिपयुक्त जनशक्ति, सिप सिक्न ईच्छुक जनशक्ति लगायतका सरोकारवालाको सहभागितामा वृहत रोजगार मेला आयोजना गरिनेछ ।

५६. अध्ययनरत युवाहरुलाई स्वरोजगारीका अवसरहरु जुटाई **"आफैले कमाई, आफ्नै पढाई"** को स्थिति सिर्जना गर्न सुदुरपश्चिम प्रदेश सरकारको समन्वय र सहकार्यमा रात्रीकालीन बजार संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५७. वैदेशिक रोजगारीबाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान तथा पुँजी परिचालन हुने गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराइनेछ । संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ । आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको तथ्याङ्क सङ्कलन गरी समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. नेपाल यूथ फाउण्डेसनसँगको सहकार्यमा सञ्चालित भोकेसनल स्कूल तथा यूवा लक्षित सिप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(ख) **सामाजिक विकास नीति :**

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

५९. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा उपमहानगरबासीको सर्वशुलभ पहुँच स्थापित गर्न सर्वपक्षीय समन्वय, सहकार्य र सहयोग मार्फत कार्यक्रम सञ्चालन गरी उपमहानगरलाई लोक कल्याणकारी उपमहानगरपालिकाको रुपमा विकास गरिनेछ।

**शिक्षा, युवा तथा खेलकुद विकास कार्यनीतिः**

६०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लाई सञ्चालन गरिनेछ। यसका लागि विभिन्न दाताहरुको सहयोग र सहकार्यमा थप शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न **"उपमहानगर शिक्षा विकास कोष"** मा थप रकम जुटाउन पहल गरिनेछ। यस कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि एउटा माध्यमिक र एउटा आधारभूत विद्यालय रहेको ग्रामीण क्षेत्रको वडालाई विशेष प्राथमिकता दिई थप नमुना विद्यालयहरु छनौट गरेर सघन शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछन्। नमुना विद्यालयमा अध्ययनरत छात्राहरुलाई नि:शुल्क पोषाक उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६१. सामुदायिक विद्यालय शैक्षिक गुणस्तर कार्यक्रम अन्तर्गत छनौट भएका नमूना विद्यालयहरुमा स्मार्टबोर्ड, प्ले स्टेशन, हाइस्पिड इन्टरनेट जडान तथा व्यवस्थापन, फर्निचर व्यवस्थापन र मर्मत सम्भार लगाएतका आवश्यक भौतिक तथा शैक्षिक कार्यक्रमहरु सघन रुपमा सञ्चालन गरिनेछ। उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट नमुना विद्यालयका साथै शिक्षक नपुग भएका अन्य सामुदायिक विद्यालयहरुमा शिक्षकको व्यवस्था गरिनेछ।

६२. विगत वर्षहरुदेखि उपमहानगरबाट सामुदायिक विद्यालय र सामुदायिक विद्यालयबाट शिक्षक तथा कर्मचारीहरुको बैंक खातामार्फत भुक्तानी हुँदै आएको तलबभत्ताको भुक्तानी आर्थिक वर्ष २०८१।०८२ देखि उपमहानगरबाटै सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बैंक खातामा भुक्तानी हुने व्यवस्था मिलाईनेछ।

६३. मुख्य शहरक्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि दिवा खाजा व्यवस्थापन गर्न सेन्ट्रल किचन स्थापना गरिनेछ। बालबालिकालाई कुलतबाट जोगाउन विद्यालय परिसर नजिक मादक पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थको बिक्री वितरणमा रोक लगाइनेछ। आधारभूत तह कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

६४. खेलकुद सम्बन्धी कार्यक्रमहरुलाई व्यवस्थित गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उपमहानगरको गौरव अभिवृद्धि गर्ने खेलाडीलाई सम्मान गरिनेछ। ग्रासरुट लेभलबाटै खेलाडीहरु उत्पादन गर्न सरोकारवालाहरुको सहकार्यमा ग्रासरुट लेभल खेलकुद विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६५. बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई उपमहानगरको आन्तरिक स्रोतबाट विगत वर्षहरुमा उपलब्ध गराउदै आएको पारिश्रमिकलाई यथावत् कायम गरिएको छ।

६६. असहाय, अपाङ्गता भएका र सडक बालबालिकाहरुका लागि आवास सञ्चालन गरेका सार्वजनिक छात्रबास, आश्रम, विद्यालय एवम् संघसंस्थालाई अनुदान उपलब्ध गराईनेछ। विद्यालयमा अध्ययनरत लक्षित समुहका विद्यार्थीहरुलाई अध्ययनरत विद्यालयमार्फत आवासीय र गैरआवासीय छात्रवृति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६७. विद्यालयमा अध्ययनरत विद्यार्थी, कार्यरत जनशक्ति एवम् व्यवस्थापनसंग सम्बन्धित पदाधिकारीहरुको क्षमता विकासका लागि अतिरिक्त क्रियाकलाप, तालिम, स्वदेश तथा विदेशका शैक्षिक संस्थाहरुको स्थलगत भ्रमण, कार्यशाला, अनुभव आदानप्रदान, रोष्टर समुह गठन तथा परिचालन लगाएतका कार्यक्रमहरुको सञ्चालन गरिनेछ। विद्यालयको नियमित सुपरीवेक्षण तथा शिक्षक पेसागत विकासका लागि विज्ञ स्रोत शिक्षकको परिचालन गरिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

६८. सामुदायिक विद्यालयका प्रधानाध्यापकको मासिक बैठकमा गरिने विद्यालयको प्रगतिको प्रस्तुतीकरणका आधारमा मासिक रुपमा उत्कृष्ठ विद्यालय घोषणा गरी सम्मान गर्दै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने नीति लिइनेछ। उपमहानगरपालिकाको स्थापना दिवसको अवसरमा उत्कृष्ट शिक्षक तथा विद्यालय कर्मचारीलाई पुरस्कृत गरिनेछ। आधारभुत तह कक्षा ८ को बार्षिक परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक र संस्थागत विद्यालय र विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ।

६९. शिक्षक निर्मित शैक्षिक सामग्रीहरुको प्रदर्शनी मेलाको आयोजना गरिनेछ। विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमहरु सञ्चालन गरी विद्यार्थीहरुका अन्तर्निहित प्रतिभाहरुलाई प्रदर्शन गर्ने अवसर प्रदान गरिनेछ। विद्यार्थीहरुका लागि करियर काउन्सेलिङ कार्यक्रम, शुक्रबारीय सिप विकास कार्यक्रम, स्टीम (STEAM) शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

७०. शिक्षणलाई प्रविधिसंग जोड्दै प्रभावकारी शिक्षण सिकाइमा सहयोग गर्न शिक्षकहरुलाई उनीहरुको मागको आधारमा ल्यापटप वा ट्याबलेट खरीदमा अनुदान सहयोग उपलब्ध गरिनेछ। युवाहरुलाई मध्यनजर गरी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७१. उपमहानगरको शैक्षिक विकासका लागि संघ, प्रदेश तथा अन्य संघसंस्थासंगको समन्वय, सहकार्य र सहयोगमा जोडकोषमा आधारित विभिन्न शैक्षिक विकास कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ।

## जनस्वास्थ्य विकास कार्यनीति:

७२. **"सफा उपमहानगर, स्वस्थ जनता, गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिबद्धता"** लाई आत्मसात गर्दै आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने पुर्वाधार, औषधि, उपकरण लगायत्का अन्य श्रोतसाधनमा अभिवृद्धि गर्दै प्रविधिमैत्री बनाउँदै लगिनेछ।

७३. विपन्न नागरिक औषधि उपचार कोष मार्फत बी.पी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनसंग समन्वय गरी क्यान्सर रोग लागेका बिरामीहरुलाई औषधि उपचार वापत आर्थिक सहायता प्रदान गरिनेछ।

७४. लागु पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि विद्यालय र समुदायस्तरीय जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयस्तरका बालबालिकालाई लागु पदार्थ दुर्व्यसनीबाट जोगाउन र्‍याडम्ली (Randamly) नमुना परीक्षण गरिनेछ। लागू पदार्थ दुर्व्यसनीहरुलाई रोगी सरहको व्यवहार गरी प्रदेश सरकार, अभिभावक र उपमहानगरपालिकाको संयुक्त सहकार्यमा उपचार र पुन:स्थापना सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

७५. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐनलाई प्रभावकारी कार्यान्वयन गर्ने प्रबन्ध मिलाइनेछ।

७६. उपमहानगरका सबै वडामा मासिक रुपमा सञ्चालन भैरहेको विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकलाई थप प्रभावकारी बनाउन निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा कार्यक्रमहरु लागु गरिनेछ। उपमहानगरपालिकाका सबै कलस्टरहरुमा रहेका स्वास्थ्य संस्थाहरुलाई समायोजन गरी क्रमश: अस्पताल निर्माण गर्दै लैजाने नीति अनुरुप पहिलो चरणमा फूलबारी क्षेत्रमा १५ शैय्याको अस्पताल निर्माणको कार्य थालनी गरिनेछ।

७७. मानसिक स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन्। विद्यालयस्तरमा अध्ययनरत बालबालिकाहरुको साइकोम्याटिक स्क्रिनिङ (Psychosomatic Screening) गरिनेछ। नियमित खोपमा छुट भएका बालबालिकाहरुलाई खोजेर खोप लगाउने कार्यक्रमलाई सशक्त बनाउँदै पूर्ण खोप दिगोपना तथा सुनिश्चितता कायम गरिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

७८. उपमहानगरक्षेत्रलाई शत प्रतिशत संस्थागत सुत्केरी भएको सुनिश्चित गरिनेछ। पुर्व प्रसूति (ANC) र उत्तर प्रसुती (PNC) जाँच कार्यक्रमलाई बढावा दिई बर्थिङ सेन्टर विस्तार गर्दै लगिनेछ। क्यान्सर, मृगौला लगायतका नसर्ने रोगहरुको स्क्रिनिङ कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ।

७९. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका कार्यक्रमलाई सशक्त बनाउँदै लगिनेछ। महिला स्वास्थ्य स्वयंसेविकाले गरेको कार्यको कदर गर्दै हाल पाइरहेको सेवा सुविधालाई समयानुकूल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गरिनेछ।

८०. उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका औषधी पसल र निजी क्लिनिक लगायतका स्वास्थ्य संस्थाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य संस्था सञ्चालन इजाजत पत्र लिएर मात्रै सञ्चालन गर्ने व्यवस्था गरिनेछ। निजी अस्पतालहरुले विपन्न, असहाय, वेवारिसे नागरिकलाई नि:शुल्क उपचार गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।

८१. सरुवा तथा किटजन्य रोगहरुको रोकथाम, विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्य तथा महामारी नियन्त्रणका लागि विपद् तथा महामारी व्यवस्थापन कार्यक्रम मार्फत आवश्यक तयारी तथा समुदाय परिचालन लगायतका एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ। एचआईभि/एड्स (HIV/AIDS) हेपाटाइटिस (Hepatitis) जस्ता सरुवा रोगहरु, जङ्कफुडको सेवनबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर, बालबालिकाको मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिका लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

८२. **"एक वडा एक एम्बुलेन्स"** कार्यक्रम अन्तर्गत एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउनुका साथै, घरैमा हुने सुत्केरीलाई शुन्य पार्नका लागि आमा बचाऊ अभियानलाई सशक्त पारिदै लगिनेछ। स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाउन परीक्षणको रुपमा अतिविपन्न कम्तिमा एक सय परिवारको स्वास्थ्य बीमाको प्रिमियम रकम उपमहानगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाइनेछ।

८३. सिकल सेल, थालासेमिया, हेमोफेलिया, अटीजम जस्ता रोग विरुद्ध जनचेतनामूलक विशेष कार्यक्रमहरु लागु गरिनेछ। बृहत पोषण प्याकेज कार्यक्रम मार्फत बहुक्षेत्रीय समन्वय र सहकार्य गर्दै धनगढी उपमहानगरपालिकालाई सुपोषित गरिनेछ।

८४. आयुर्वेद चिकित्सा सेवा सञ्चालनको लागि जनशक्ति तथा औषधी व्यवस्था गरिनेछ। एउटा वडालाई नमुना वडाको रुपमा छनौट गरी स्थानीय जडिबुटी घरमानै उत्पादन गरी **"एक घर पाँच योग पाँच जडीबुटी कार्यक्रम"** को सुरुवात गरिनेछ। **"स्वस्थ्य जीवनशैली, आहार बिहार भान्साघर पहिलो अस्पताल"** को अवधारणा लागु गर्न प्रत्येक विद्यालयमा आयुर्वेद तथा योगजीवन शैली शिक्षा सञ्चालन गरिनेछ।

**महिला, बालबालिका तथा अपाङ्गता क्षेत्रसम्बन्धी कार्यनीति :**

८५. बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन लैंगिक उत्तरदायी बजेट प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। लैगिक हिंसा रोकथाम तथा प्रतिकार्यसंग प्रत्यक्ष जोडिएको मानसिक वा मनोसामाजिक स्वास्थ्य सम्बन्धि समुदायस्तरमा सचेतना वृद्धि गर्नका लागि मनोसामाजिक कार्यकर्ता, स्वास्थ्य स्वयम्सेविका, सामाजिक परिचालक र टोल विकास समितिका संयोजकहरुको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ।

८६. समुदायस्तरमा रहेका विभिन्न प्रकारका सामुदायिक संस्था एवम् समुहहरुलाई एकिकृत गरी लैंगिक हिंसा, बालविवाह र हानिकारक अभ्यासहरुको न्यूनीकरणका लागि पुरुष परिचालनको अवधारणा प्रयोग गर्दै मानवीय मूल्य प्रबर्द्धन,

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

लैङ्गिक रुपान्तरण र जोडी सम्बाद जस्ता प्रभावकारी कार्यक्रमहरुलाई विस्तार गरी आदर्श परिवार र सभ्य समाज निर्माण गर्ने नीति लिइनेछ।

८७. घरेलु हिंसा, कसुर तथा सजाय ऐन, मानव बेचबिखन नियन्त्रण ऐन, अपाङ्गता अधिकार ऐन लगायतका विभिन्न संघीय ऐन मार्फत संरक्षण कार्यका लागि प्राप्त अधिकार प्रयोगलाई सहज बनाउनका लागि यस उप-महानगरपालिकाको एकिकृत ऐन निर्माण गरी हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि पुनःस्थापना केन्द्र (सेफ हाउस) थप व्यवस्थित बनाउदै लगिनेछ।

८८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, हानीकारक अभ्यास उन्मूलन नीति र दलित हक अधिकार सम्बन्धी कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि उक्त नीतिहरुले तय गरेका कार्ययोजना कार्यान्वयन गरिनेछ। अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको प्रत्येक वडामा सञ्जाल निर्माण गरी नियमित सशक्तीकरण गर्दै विकास प्रक्रियामा सहभागिता बढाउन पहल गरीनेछ। क्रमशः सबै वडाहरुमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र / मिलन केन्द्रको विस्तार गर्दै लगिनेछ।

८९. ज्येष्ठ नागरिकमा रहेको असल ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गरिदै लगिनेछ। आर्थिक अवस्था कमजोर भएका, हिंसा प्रभावित, अपाङ्गता भएका र सामाजिक आर्थिक रुपले पछाडी पारिएका वर्गका महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको आर्थिक सशक्तीकरणका लागि उद्धमशीलता विकास तथा प्राविधिक सिप विकास तालिम सञ्चालन गरी स्थानीयस्तरमा रोजगारीमा संलग्न गराईनेछ।

९०. लैंगिक हिंसा निवारण र महिला सशक्तिकरणसंग प्रत्यक्ष जोडिएको महिलाको अंशको अधिकारको प्रयोगलाई अनिवार्य र व्यापक गर्नका लागि जानकारीमूलक क्रियाकलाप सञ्चालन गरिनेछ।

९१. दलित समुदायको रैथाने सीप, ज्ञान र पेशाको आधुनीकिकरण गरी रोजगारी सिर्जना गरिनेछ। रानाथारु लगाएतका आदिवासी जनजातिहरुमा रहेका सिपहरु जस्तै थारु पहिरन, ढकिया जस्ता सिप प्रबर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

९२. नगर बाल सञ्जालको क्षमता विकास गरी सहभागिता प्रबर्द्धन गर्ने नीति लिइनेछ। बालविवाह र बालश्रम निवारणका लागि रणनीतिहरु तयार गरी वडालाई बालमैत्री घोषणा गर्दै उपमहानगरलाई बालमैत्री शासन युक्त बनाइनेछ।

९३. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गर्न उपमहानगरपालिकाको भौतिक संरचना, वेबसाइट र अन्य सूचना सम्प्रेषणका माध्यमहरुलाई पहुँचयोग्य बनाइनेछ। अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभूति र सहज पहुँच स्थापित गर्न आवश्यक सहायक सामग्री निःशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। बौद्धिक अपाङ्गता, अटिजम, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**सामाजिक/सामुदायिक विकाससँग सम्वन्धित कार्यनीतिः**

९४. सामाजिक सुरक्षाको अवधारणालाई अझ फराकिलो बनाउन निजी क्षेत्रहरुसँग सहकार्य गरिनेछ। बहुभाषा, बहुजाति, बहुधर्म, बहुसंस्कृति लगायतको पहिचान जगेर्ना गर्न साँस्कृतिक नाचगान, चाडपर्व, खानपान, भाषा, धर्म, रहनसहन, भेषभुषा, लगायत बिभिन्न साँस्कृतिक पहिचान जगेर्ना कार्यक्रम सञ्चालन गरिनेछ।

९५. सामुदायिक विकासका लागि सामुदायिक संघसंस्था, संयन्त्र, समूह, लगायतको सूची तयार गरी एसिस्ट बेस्ड कम्युनिटी डेभलेपमेन्ट - एबिसिडी (Asset Based Community Development - ABCD) को अवधारणा र सोको क्षमता अनुरुप सामुदायिक विकासमा सहभागी गराइनेछ। विपन्न समुदायका व्यक्तिहरुको जिविकोपार्जन र

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

आम्दानीको सदुपयोग गर्न विभिन्न वाणिज्य बैंकहरुसँग सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९६. उपमहानगरको विकासका लागि 'समुदायस्तरबाट विकास' को अवधारणालाई प्रोत्साहन गर्न डेभलपमेन्ट इन्नोभेसन फिस्ट (Development Innovation Fest) को आयोजना गरिनेछ ।

९७. उपमहानगरलाई विभिन्न संघ संस्थाहरुसंगको समन्वय र सहकार्यमा सडक आश्रित मानव रहित नगर बनाइनेछ । ज्येष्ठ नागरिक तथा भगतजीहरुलाई धार्मिक यात्रा गराईनेछ । शब चिस्यान सेवा र मृत्यु संस्कार सेवालाई निरन्तरता दिइनेछ ।

**कला, साहित्य, भाषा एवम् संस्कृति प्रवर्धन कार्यनीति :**

९८. भलमन्सा, बडघरको सम्वन्धमा विभिन्न ठाँउमा रहेका प्रचलनहरुको बारेमा सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला र जनप्रतिनिधि सम्मिलित समिति गठन गरी अध्ययन गराई अध्ययन प्रतिवेदनको सिफारिसको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ ।

९९. बाजागाजामा बाहिरी व्यक्तिको निर्भरता हटाउन, स्थानीय रोजगारी सिर्जना गर्न, मनोरञ्जनका अवसर वृद्धि गर्न क्रमिक रुपमा एक वडा एक व्याण्ड समुह तयार गरिनेछ ।

१००. उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रको खोज, अन्वेषण, संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ । नगरको इतिहास, कला, साहित्य, भाषा, संस्कृति, मौलिक परम्परा जस्ता क्षेत्रमा खोज तथा अन्वेषण गर्ने कार्यमा प्रत्यक्ष योगदान पुर्‍याउने संघ संस्था, सञ्चारकर्मी प्रबुद्ध वर्गलाई उपमहानगरबाट उचित सम्मान गरिनेछ ।

१०१. बहुल सांस्कृतिक एवम् सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सांस्कृतिक पर्यटन प्रवर्धन र दलित समुदाय लगायत अन्य सबै समुदायको धार्मिक, भाषिक सञ्चार एवम् सांस्कृतिक मूल्य मान्यताको अभिवृद्धि गर्दै लगिनेछ । थारु तथा रानाथारु समुदायमा प्रचलित गुरुवा, भलमन्सा, बडघर प्रथा, भुईया, देउथान, लगायत संस्कृतिको उचित संरक्षण एवम् प्रवर्धन गरिनेछ ।

**(ग) पूर्वाधार विकास नीति:**

१०२. "हाम्रो धनगढी, हामी बनाउँछौं" भन्ने विगतवर्षदेखि सुरु भएको अभियानलाई धनगढीबासीहरुको सहयोग र सहकार्यमा यस वर्ष पनि निरन्तरता दिई उपमहानरभित्र बनेका सडक लगायतका भौतिक पूर्धारहरुको स्तरोन्नति तथा मर्मत सम्भार गरी दिगो सुरक्षित बनाइने नीति लिइनेछ ।

**शहरी पूर्वाधार विकास तथा यातायात व्यवस्था कार्यनीति :**

१०३. सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) तयार गरी उपमहानगर क्षेत्रभित्रका सडक लगायतका पूर्वाधार सम्पतिहरुको अध्यावधिक गरी नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ । विभिन्न खाली क्षेत्र, सडक किनारलाई व्यवस्थित स्ट्रिट फुड जोन (Street Food Zone), पार्किङ क्षेत्र र बगैचाको रुपमा विकास गरिनेछ ।

१०४. उपभोक्ता समितिमार्फत निर्माण हुने तटबन्धन निर्माण तथा मर्मत कार्यलाई लागत साझेदारीमा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. उपमहानगर यातायात गुरुयोजना (Municipal Transport Master Plan:MTMP) अनुसार प्राथमिकीकरण गरिएका सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । रणनीतिक सडकहरुलाई साइकल

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

ट्र्याक सहितको सडक निर्माण गर्न जोड दिइनेछ। शिशुलाई स्तनपान कक्ष, अपांगमैत्री र बालमैत्री भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०६. आवधिक विकास योजना तयार गरी सोहीबमोजिम विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । उपमहानगरपालिकामा आयोजना बैंक (Project Bank) को स्थापना गरी क्रमश: कार्यान्वयन गर्दै लगिनेछ । उपमहानगर भित्रका ताल, तलैया, खोलानाला तथा सार्वजनिक जग्गाहरुका भएको अतिक्रमण हटाउने कार्यलाई निरन्तरता दिई तिनीहरुको बहुउपयोग मार्फत उपहानगरबासीको जीविकोपार्जनमा योगदान पुर्‍याउने कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. उपमहानगर क्षेत्रभित्रका ताल, तलैया, पार्क र खुलाक्षेत्रलाई पन्ड पार्क एण्ड पिपुल -३ पि (Pond, Park and People -3P) अवधारणा अनुरुप विस्तृत अध्ययन गरी डिजाइन बिल्ट ओन अपरेट एण्ड ट्रान्सफर (DBOOT) तथा बिल्ट ओन अपरेट एण्ड ट्रान्सफर (BOOT) मोडलमा विभिन्न संघ संस्था तथा निजीक्षेत्र मार्फत विकास तथा सञ्चालन गरिनेछ।

१०८. उपमहानगरक्षेत्रभित्र सञ्चालनमा रहेका गौशालाहरुमा आवश्यकताका आधारमा पूर्वाधार तथा उपकरणहरुको थप व्यवस्था गरिनेछ। शहरी पूर्वाधार निर्माणमा लाभग्राहीसंगको साझेदारीमा कार्यविधि बमोजिम **"लागत सहभागिता कार्यक्रम"** सञ्चालन गरिनेछ।

१०९. उपमहानगर अन्तर्गतका कच्ची सडकलाई सम्बन्धित वडा कार्यालयहरुको सहकार्य एवम् समन्वयमा ग्राभेलिङ गरी स्तरोन्ति गर्ने कार्यलाई निरन्तरता दिईनेछ। यसका लागि आवश्यक रोयल्टी, ईन्धन तथा चालकको दैनिक खर्च वापतको रकम सम्बन्धित वडाले व्यहोर्ने र आवश्यक मेशिनरी उपकरण, मेशिनरी उपकरणको मर्मतसम्भार तथा चालकको पारिश्रमिकको व्यवस्था नगर कार्यपालिकाको कार्यालयले गर्ने व्यवस्था मिलाइनेछ।

११०. धनगढी उपमहानगरपालिका वडा नम्बर ३ कालिकानगर चटकपुरमा नगर विकास कोषको ऋण सहयोगमा सुबिधासम्पन्न बसपार्क निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ।

१११. **"एक वडा एक खेल मैदान"** निर्माण कार्यलाई निरन्तरता दिइनेछ। उपमहानगपालिका क्षेत्रभित्रका सार्वजनिक स्थानहरुमा क्याफे सहितको आधुनिक स्मार्ट शौचालय निर्माण गर्दै लगिनेछ । सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गर्ने गरी मल्टी स्टोरी पार्किङ (Multi-Storey Parking) को सम्भाव्यता अध्ययन गरिनेछ।

११२. उपमहानगर क्षेत्रभित्र निर्माण हुने योजनाहरूको गुणस्तर चेकजाँच गर्नका लागि स्थापना भएको इन्जिनिरियङ ल्याब (Engineering Lab) लाई थप स्तरोन्नती गरिनेछ।

**भवन, आवास, वस्ती विकास तथा शहरी विकास कार्यनीति**

११३. भवन तथा योजना निर्माण मापदण्ड, २०८० लाई कार्यान्वयनमा ल्याइनेछ। एकीकृत भू-उपयोग नीति अन्तर्गत उपमहानगर भित्रका सार्वजनिक, सरकारी, पर्ती जग्गाको अभिलेखीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नक्सा पास सम्बन्धी विद्युतीय प्रणाली (Electronic Building Permit System) लाई थप सुधार गर्दै लगिनेछ। राष्ट्रिय भवन संहितालाई कार्यान्वयनमा ल्याइनेछ। घरधनीहरुले आफ्नो नक्सापास गरी निर्माण गरेको पुरानो घरलाई राष्ट्रिय भवन संहिताको मापदण्ड पालना गरी रेट्रोफिटिङ (Retrofiting) गर्न चाहेमा रेट्रोफिटिङका लागि पेश हुने घरनक्सा पास दस्तुरमा शतप्रतिशत मिनाहा गर्ने व्यवस्था मिलाइनेछ।

११४. उपमहानगरक्षेत्र भित्र खुल्ला क्षेत्रहरुको पहिचान गरी महिला समावेशी र जलवायु उत्थानसील (Women Inclusive and Climate Resilience) स्थानको रुपमा विकास गर्न यूनोप्स महिलामैत्री शहर (UNOPS - Cities 4 Women) कार्यक्रमसंग सहकार्य गरिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

११५. नेपाल सरकारको सहयोगमा जग्गा विकास कार्यक्रम (Land pooling system ) सञ्चालन गरिनेछ । उपमहानगर क्षेत्रभित्र सञ्चालन हुने घर जग्गा खरिद बिक्री व्यावसायलाई व्यवस्थित गर्न बनेको "जग्गा प्लटिङ कार्यविधि २०८०" लाई कार्यान्वयन गरी जग्गा प्लटिङ कार्यलाई व्यवस्थित गरिनेछ ।

११६. उपमहानगरभित्र सञ्चालन हुने नगर बस, अटो-रिक्सा, ई-रिक्सा आदिलाई व्यवस्थित गरी निश्चित स्थानमा चढ्ने, ओराल्ने र पार्किङ गर्ने व्यवस्था मिलाइनेछ।

११७. उपमहानगर क्षेत्रमा भवन निर्माणमा संलग्न भूकम्प प्रतिरोधात्मक निर्माण सम्बन्धी तालिम नलिएका डकर्मीहरुका लागि भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि तालिम दिइनेछ । भवन निर्माण कार्यमा गुणस्तर कायम गर्ने उद्देश्यले घर निर्माण कार्यको सुपरभिजन गराउने कार्यका लागि घरधनीले तालिम प्राप्त इन्जिनियरको अनिवार्य व्यवस्था गर्नुपर्ने र सुपरभिजन गर्ने इन्जिनियरको प्रतिवेदनका आधारमा दोश्रो चरणको इजाजतपत्र र निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

**भूमि व्यवस्थापन कार्यनीति :**

११८. भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७८ बमोजिम भू-उपयोग योजना तर्जुमा गरी भूमिको क्षेत्र वर्गीकरण गरी कृषि योग्य जमिनको खण्डीकरणलाई निरुत्साहीत गरिनेछ । मेट्रिक (Metric) प्रणालीमा आधारित हाउस नम्बर प्लेट (House Number Plate) जडान कार्यलाई निरन्तरता दिइनेछ। धनगढी उपमहानगरपालिकाको आधार नक्सालाई अद्यावधिक गरिनेछ।

११९. उपमहानगरका सबै वडाहरुमा अव्यवस्थित सरकारी विद्यालय, पर्यटकिय स्थल एवम् धार्मिक स्थलहरुको स्रोत नक्साङ्कन जिआइएस म्यापिङ (GIS Mapping) कार्यलाई अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

**पर्यटन पूर्वाधार विकास कार्यनीति**

१२०. उपमहानगर क्षेत्रभित्र रहेको दशरथ भिम उद्यानलाई संघीय सरकार, प्रदेश सरकार र नगर विकास कोषको सहयोग तथा सहकार्यमा आधुनिक पार्कको रुपमा स्तरोन्नती गरिनेछ।

१२१. उपमहानगर क्षेत्रभित्रका कैलाली नाला, सुकुटी नाला र शिवनगर खोला किनारमा फुटपाथ र ग्रिन बेल्ट सहितको कोरिडोर निर्माण गर्न र धार्मिक पर्यटकीय क्षेत्र जोड्न साइकल ट्रयाक निर्माण गर्ने कार्यका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिनेछ।

१२२. थारु संग्राहलय पटेला र रानाथारु संग्रहालय राजपुरलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

१२३. वडा नम्बर १७ सरौटा स्थित भल्का वाटर स्पट (Water Spot) का तालहरुलाई संरक्षण गरी वनभोज स्थल (Picnic Spot) र वडा नम्बर १४ को सुन्दरी तालमा पूर्वाधार विकास गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न थप पूर्वाधारहरु निर्माण गरिनेछ।

**सूचना तथा सञ्चार प्रविधि विकास कार्यनीति :**

१२४. आमसञ्चार जगतमा संलग्न व्यक्ति तथा संस्थाहरुको पेसागत एवम् क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२५. युवाहरुलाई लक्षित गरी सूचना प्रविधि मैत्री सिप विकास गर्न विभिन्न समयावधिको तालिम कार्यक्रम संचालन गरिनेछ । अध्ययन, अनुसन्धान र परामर्श केन्द्र (Incubation Center) को स्थापना गरी सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम इन्टर्नशिप तथा रोजगारीका अवसर प्रदान गर्न पहल गरिनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

१२६. उपमहानगरमा ई-पुस्तकालय सञ्चालन गरी यस क्षेत्रका विद्यालयहरुमा अडियो, भिडियो बुक्स सहित ई-लर्निङका लागि व्यवस्था गरिनेछ । उपमहानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा ई-हाजिरी प्रणाली लागु गरिनेछ ।

१२७. नगर विकास कोषको सहायतामा निर्मित एकीकृत नगर सेवा प्रणालीको प्रयोग गरिनेछ र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विभिन्न महाशाखा, शाखा र वडा कार्यालयहरुद्वारा गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विभिन्न विद्युतीय सफ्टवेयरहरुको निर्माण तथा प्रयोगमा जोड दिइनेछ ।

१२८. उपमहानगरका अत्यावश्यक सवारी साधनहरु एम्बुलेन्स, वारुणयन्त्र, शव बाहनहरुमा जिपिएस (GPS) जडान गरी केन्द्रीकृत जिपिएस (GPS) अनुगमन प्रणाली लागु गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२९. खुला डाटा (Open Data) को अवधारणा अनुरुप सूचना तथा तथ्याङ्कहरुलाई विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरूप ओपन फर्मेट (Open Format) मा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

**जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा कार्यनीति :**

१३०. वातावरण प्रदुषण नियन्त्रण, स्वदेशी पूँजि पलायन हुनबाट रोकनका लागि विद्युतको प्रयोग बढाउन तथा पेट्रोलियम पदार्थबाट चल्ने सवारी साधनलाई निरुत्साहित गर्न इलेक्ट्रिक सवारी साधनको प्रयोगलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ । उपमहानगरका विभिन्न स्थानहरुमा नागरिकलाई सहजरुपमा सवारी साधन चार्ज गर्नका लागि चार्जिङ स्टेसन (Charging Station) निर्माण गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ ।

१३१. उपमहानगर क्षेत्रका विद्युत सेवा नपुगेका टोल-बस्तिहरुमा विद्युत विस्तार गर्ने र लो भोल्टेज (Low Voltage) समस्या समाधानको लागि विद्युत लाईनको सुधार तथा व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा कार्यक्रम अगाडी बढाइनेछ ।

१३२. उज्यालो धनगढी कार्यक्रमलाई निरन्तरता दिइनेछ । उपमहानगर क्षेत्रभित्र निर्माण हुने व्यवसायिक भवनहरुमा सौर्य उर्जा प्रविधि तथा वर्षातको पानी संकलन प्रविधि (Rain Water Harvesting), उर्जा दक्षता प्रबिधि जडान गर्नका लागि प्रोत्साहन गरिनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति :**

१३३. उपमहानगरलाई स्वच्छ, सफा, सुन्दर बनाई शहरको सौन्दर्यमा अभिबृद्धि गरी हरित उपमहानगरका रुपमा स्थापित गर्न सार्वजनिक निजी क्षेत्रसंगको साँझेदारीमा वन तथा वातावरणको विकास तथा विपद् व्यवस्थापन गर्ने नीति लिईनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यनीति :**

१३४. वन्यजन्तुबाट हुने हानी नोक्सानीको जोखिम न्यूनिकरण तथा क्षतिपूर्तिको लागि विभिन्न सरोकारवालाहरुको सहकार्यमा बीमासम्बन्धी कार्यक्रम कार्यान्वन गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१३५. हरियाली प्रवर्धन कार्यक्रम अन्तर्गत व्यक्ति तथा संघसंस्थाहरुको सहयोग समेतबाट सडक मिडियन तथा किनारा, सार्वजनिक स्थल, विद्यालय हातामा फुल फुल्ने र फल लाग्ने वर, पीपल, अमला, किम्बु, जामुन लगायतका विरुवा रोपी रोपेका विरुवाहरुलाई हुर्काएर शहरको सौन्दर्य वृद्धि एवम् चराचुरुङ्गीहरुको आहारविहार तथा वासस्थानस्थलका रुपमा विकासित गर्न हरियाली प्रवर्धनका थप कार्यक्रमहरु चरणबद्ध रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१३६. उपमहानगरपालिकाद्वारा सञ्चालनमा रहेको आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई विपद् व्यवस्थापन कार्यका लागि प्रदेशस्तर कै एक नमुना ट्रेनिङ सेन्टर र सिकाई केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

१३७. विपदको समयमा संचारक्षेत्र विच्छेद हुने अवस्थामा खोज तथा उद्धारमा सहयोग पुग्नेगरी भिएचएफ (VHF) सेट समेतको संचारकेन्द्र निमार्ण गरी संचालनमा ल्याइनेछ । मानवीय तथा प्राकृतिक विपद्का कारण घट्न सक्ने घटनालाई लक्षित गरी विपद् पूर्व तयारीका लागि हरेक वडाको एउटा सामुदायिक विद्यालयलाई साधनस्रोत सहितको सिकाइ केन्द्रको रुपमा विकास गरी तालिम प्राप्त स्वयंसेवक उत्पादन गरेर विपद् व्यवस्थापनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३८. मोहना, खुटिया र घुरही नदीको तटीय क्षेत्रमा कटान रोकथामका लागि जैविक तटबन्धन निर्माण गर्न झाडीदार बिरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ । जलवायु परिवर्तनका कारणबारे जानकारी तथा सोको प्रभाव न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. उपमहानर क्षेत्रभित्र निर्माण गरिने ठूला तथा व्यावसायिक भवनहरुमा अनिवार्य रुपमा अग्निसमन यन्त्र (Fire Extinguisher) राख्नु पर्ने व्यवस्था मिलाइनेछ । विकास प्रकृयालाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गर्दै लगिनेछ ।

वातावरण, खानेपानी तथा सरसफाई कार्यनीति:

१४०. खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार गरिनेछ । वास प्लान (WASH Plan) को अभिन्न अंगको रुपमा पालिकास्तरीय समावेशी सरसफाई योजना (Municipality Wide Inclusive Sanitation Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१४१. उपमहानगरको खानेपानी समस्यालाई सम्बोधन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ । खानेपानी आयोजनालाई समयमै सम्पन्न गर्न सहजीकरण गरिनेछ । खानेपानीको चरम अभाव तत्काल समाधान गर्न विगतमा उपमहानगरक्षेत्र भित्र निर्माण भएका बोरिङहरुलाई वितरण प्रणालीमा जडान गर्न खानेपानी सम्बद्ध संस्थाहरुसँग सहजीकरण गरिनेछ ।

१४२. स्थानीय तहमा खानेपानी परीक्षण प्रयोगशाला स्थापना गर्ने राष्ट्रिय कार्यनीति अनुरुप नगरवासीको स्वच्छ खानेपानीमा पहुँच भएको, नभएको यकिन गर्नको लागि खानेपानी प्रयोगशालाको स्थापना गरिनेछ र यस क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

१४३. उपमहानगरक्षेत्र भित्र निर्माण भएका सार्वजनिक र घुम्ती शौचालयको सञ्चालन तथा व्यवस्थापनको जिम्मा निजीक्षेत्रलाई दिइनेछ । सरसफाई गर्ने कार्यलाई बानीको रुपमा विकास गरी समुदाय र विद्यालय स्तरमा कार्यक्रम संचालन गरिनेछ ।

१४४. सार्वजनिक निजी साझेदारीको माध्यमबाट मुख्य शहरी क्षेत्रमा सेट ब्याक (Set Back) सहितको सडक अधिकारक्षेत्र भित्रको खाली जग्गाहरुमा हरियाली पार्किङ, क्याफे सहितका स्मार्ट सार्वजनिक शौचालय निर्माण कार्यलाई जोड दिइनेछ ।

१४५. दिसाजन्य लेदो व्यवस्थापन प्रणाली व्यवस्थापनको लागि सो सम्बन्धी कानून निर्माण गरिनेछ । स्वास्थ्य जन्य फोहरमैला व्यवस्थापन प्रशोधन केन्द्र सञ्चालन गर्नको लागि कानून निर्माण गरी नगरभित्र रहेका सम्पूर्ण सरकारी तथा निजी स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन केन्द्र (HCWMC) सँग आबद्ध गरिनेछ ।

१४६. उपमहानगरको सरसफाई व्यवस्थापनमा सामुदायिक संघसंस्था, स्वयंसेवी अभियन्ताहरु एवम् निजी क्षेत्रलाई उत्प्रेरित गरिनेछ । फोहरमैला सम्बन्धी उत्कृष्ट, अनुकरणीय कार्य गर्ने सरसफाई समिति, शैक्षिक संस्थालाई पुरस्कृत एवम् प्रोत्साहित गरिनेछ ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

१४७. फोहरमैला वर्गीकरण, न्यूनीकरण र निष्कासन सम्बन्धी नगरबासीको दायित्वबारे सचेतना कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । फोहरलाई स्रोतमै वर्गीकरण गरी वर्गीकरणको आधारमा फोहर सङ्कलन गरिनेछ । सङ्कलित फोहरको उचित पुन: प्रयोग र पुन: प्रशोधन गर्ने कार्यको विजनेस मोडल (Business Model) तयार गरिनेछ र सो का लागि आवश्यक मेसिनरीको व्यवस्थापन गरिनेछ ।

१४८. नमुनाको रुपमा उप-महानगरको बसपार्कमा प्लाष्टिक बोटल कलेक्टर मेसिन) Plastic Bottle Collector Machine जडान गरिनेछ । वायु प्रदुषणको स्तर मापनका लगि एअर क्वालिटी स्टेशन (Air Quality Station) हरु जडान गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१४९. नदी, ताल, सिमसार क्षेत्र, सामुदायिक वन, धार्मिक स्थल, सडक अधिकार क्षेत्र भित्रका साथै अन्य सार्वजनिक स्थलहरुमा फोहरमैला बिसर्जन पूर्णरुपले प्रतिबन्धित गरिनेछ ।

१५०. प्लाष्टिक न्यूनीकरणका लागि वैकल्पिक व्यवस्थाको अध्ययन गरी नयाँ प्रयोग कार्यान्वयनमा ल्याउने नीति लिइनेछ । वातावरण स्थानीय शासन प्रारूप, २०७८ अनुसार वातावरणमैत्री वडा बनाउनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५१. कन्ज्युमर डाटाबेस सिस्टम, सोलिड वेष्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (Consumer Database System, Solid Waste Management Information System-SWMIS) र एन-वास डाटावेस (N-WASH Database) तयार गरिनेछ ।

१५२. विद्यालय छनौट गरी शून्य फोहरको (Zero Waste) अवधारणा अनुसार विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । फोहर व्यवस्थापनबारे विद्यालय तहदेखि नै अभियान सञ्चालन गरिनेछ ।

१५३. प्रविधिमा आधारित फोहरमैला व्यवस्थापन प्रणाली उपयोग गरी उपमहानगरको फोहरमैला (Municipal Solid Waste) को दिगो व्यवस्थापन गरिनेछ । यसका लागि आवश्यक अध्ययन, अनुसन्धान, प्रविधि पहिचान तथा सोको प्राप्ति, स्थापना, विकास र सञ्चालन कार्यका लागि एक छुट्टै परियोजना गठन गरी जिरो वेष्ट (Zero Waste) अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१५४. उपममहानगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्वजनिक शौचालयहरुलाई स्तरोन्नती गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्री बनाइनेछ । बजार क्षेत्रमा स्वच्छ खानेपानीका लागि वाटर एटिएम (Water ATM) को स्थापना गरिनेछ ।

(ङ) <u>संस्थागत सुशासन तथा जनशक्ति विकास नीति:</u>

१५५. सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणामुखी बनाउन सूचना प्रवाहलाई बढावा दिई कार्य सम्पादन गर्ने नीति लिईनेछ ।

<u>संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकास कार्यनीति:</u>

१५६. सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणामुखी बनाउन सूचना प्रवाहलाई प्रविधिमैत्री बनाउदै पेपर लेस, फेस लेस (Paper Less, Face Less) बनाइनेछ । प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१५७. सेवा प्रवाहमा थप सहजता कायम गर्नका लागि कार्यालय र प्रत्येक वडामा सहायता कक्ष स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ । कर्मचारीको मनोबल उच्च राख्न क्षमता विकास, अनुशासन एवम् वृत्ति विकासमा जोड दिई

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै कर्मचारीहरुलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५८. उपमहानगरपालिकाको समग्र प्रशासन सुधार तथा गतिशील प्रशासन संयन्त्र विकासका लागि नेपाल सरकारले जारी गरेका प्रशासन सुधारसम्बन्धी विभिन्न सुझावहरु लगायत विश्व परिवेशमा विकसित नवीन प्रशासकीय आयामहरुलाई स्थानीयस्तरमा आन्तरिकीकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीतिलाई निरन्तरता दिइनेछ।

१५९. सार्वजनिक सम्पत्तिहरुको अभिलेख तयार गरी डिजिटल सम्पत्ति व्यवस्थापन प्रणालीमा आबद्ध गराई नियमित मर्मत-सम्भार तथा संरक्षणको व्यवस्था मिलाइने छ।

**सुशासन, कानुनी मामिला तथा स्थानीय न्यायिक निरुपण कार्यनीति :**

१६०. **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अंगिकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्धालाई छिटो-छरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ। मेलमिलाप मार्फत विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई थप प्रभावकारी बनाइनेछ।

१६१. सूचना प्रविधिको प्रयोग गरी न्याय प्रणालीलाई छिटोछरितो, प्रभावकारी, अनुमानयोग्य र पहुँचयुक्त बनाईनेछ। न्यायिक जनशक्तिको क्षमता विकास गरिनेछ। थारु, आदिवासी, जनजाती, सिमान्तकृत, यौनिक अल्पसंख्यक समुदाय, दलित, पिछडिएको वर्ग र क्षेत्रका व्यक्तिहरुका साथै वञ्चितीकरणमा परेका समुदायको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानुनी शिक्षा र सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६२. सबै वडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरण गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै **"विवादको साटो मेलमिलापको बाटो"** भन्ने नारालाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा लगिनेछ। उपमहानगरपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड बनाइ विधिको शासनलाई पूर्ण रुपमा कार्यान्वयन गर्दै सुशासन कायम गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**आन्तरिक लेखा परीक्षण, आन्तरिक खरिद व्यवस्थापन कार्यनीति :**

१६३. लेखाङ्कन र प्रतिवेदन कार्यमा नियमितता ल्याइनेछ। आन्तरिक लेखा परीक्षणको कार्यलाई व्यवस्थित गर्न सबै प्रकारका कारोबारको भुक्तानी हुनु भन्दा पहिला पूर्व आन्तरिक लेखा परीक्षण गरेर मात्र भुक्तानी दिने कार्यलाई निरन्तरता दिईनेछ।

१६४. आन्तरिक लेखा परीक्षणको कार्यलाई प्रभावकारी बनाई सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक प्रयोग गरी वित्तीय जोखिम न्यूनीकरण गरिनेछ। प्रभावकारी वित्तीय व्यवस्थापनका माध्यमबाट बेरुजुलाई न्यूनीकरण गर्दै शून्यमा झारी वित्तीय अनुशासन कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**उपभोक्ता हित सम्बन्धी कार्यनीति :**

१६५. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गरी उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्राप्त गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीवापत क्षतिपूर्ति उपलब्ध गराउने नीति लिइनेछ। गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि वर्षभरी बाह्र महिना बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**राजश्व परिचालन कार्यनीति :**

१६६. मानव स्वास्थ्यमा दीर्घकालिन असर पार्ने खालका मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्रि वितरणलाई व्यवस्थित गर्दै लैजाने उद्देश्यले करको दरमा बृद्धि गर्दै लगिनेछ।

१६७. सम्पत्ति कर र भूमि करलाई वैज्ञानिक र समय सापेक्ष बनाउन अभिलेख अध्यावधिक गरी सम्पत्ति कर र भूमिकरको दरलाई पुनरावलोकन गरिनेछ । उपमहानगर क्षेत्रभित्र हुने सबै प्रकारका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याइनेछ।

१६८. आधुनिक प्रविधिको उपयोग गरी राजश्व प्रशासनको दक्षता बढाई सहज र सरल रुपमा राजश्व भुक्तानी गर्ने प्रबन्ध मिलाइने छ। अटिजम सम्बन्धि सेवा प्रदान गर्ने संघसंस्थाहरुलाई कर छुटको सुबिधा उपलब्ध गराईने नीति लिइनेछ। करको दरमा होईन करको दायरा बढाउंदै लैजाने नीति लिइनेछ।

**नगर सभा सदस्यहरु,**

**अन्त्यमा,**

हाम्रो कार्यकालको दुई वर्षको अवधिमा उपमहानगरबासीका आवश्यकता र चाहनाहरुको सम्बोधन गर्न विभिन्न प्रयास गर्दागर्दै पनि पुरा नभएको हुन सक्छ । तसर्थ, जनताको प्राथमिकतामा रहेका र साधन स्रोतले भ्याएसम्मका कार्यक्रमहरुलाई क्रमिक रुपमा यथासक्य सम्बोधन गर्दै उपमहानगरबासीको आशा र भरोसालाई निरन्तर सम्बोधन गर्न प्रयास गरिरहनेछौं। यसका लागि हामी संघ तथा प्रदेश सरकार एवम् विकास साँझेदारहरुसंग समेत हातेमालो गर्दै अघि बढ्नेछौं। आर्थिक वर्ष २०८१।८२ का लागि प्रस्तुत यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग उपलब्ध गराई दिनु हुन आम नगरबासी, मतदाता, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, विभिन्न संघसंस्था, कर्मचारी, बुद्धिजीवि एवम् प्रवुद्ध वर्ग, राजनीतिक दल एवम् संघ तथा प्रदेश सरकार समक्ष हार्दिक अपिल गर्दछु।

धन्यवाद !

गोपाल हमाल
नगर प्रमुख

२०८१ असार ७ गते रोज ६ शुभम्।

अर्को बैठक २०८१/०३/०७ गते शुक्रबार साँझ ५:३० बजे बस्ने गरी आजको पहिलो बैठक स्थगित गरियो।